रामेछाप नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
रामेछाप बजार, रामेछाप
वागमती प्रदेश नेपाल
(राजश्व,उद्योग तथा सहकारी शाखा)

पत्र संख्याः-२०८१/०८२
चलानी नम्वरः ४०६

रामेछाप नगरपालिका नगर कार्यपालिकाको कार्यालय रामेछाप बजार रामेछाप वागमती प्रदेश,नेपाल २०७३

मितिः-२०८१/०८/०४
ने.सं.११४५कछलागा ४ मंगलबार

**विषयः- सूचना टाँस गरी जानकारी पठाउने सम्बन्धमा।**

श्री सबै वडा कार्यालय
रामेछाप नगरपालिका रामेछाप।

प्रस्तुत विषयमा यस नगर कार्यपालिकाको कार्यालय रामेछापबाट मिति २०८१/०८/०४ मा प्रकाशित **उपयुक्त प्रविधि हस्तान्तरण** र गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत **समुहमा प्रविधि हस्तान्तरण** सम्बन्धी सूचना पाना -२ यसै साथ संलग्न राखि पठाईएको छ। उक्त सूचना तहाँ वडा कार्यालयको सूचना पाटीमा टाँस गरी जानकारी पठाउनु हुनु अनुरोध गरिन्छ।

...................
(भोला प्रसाद चापागाई)
प्रमुख प्रशासकीय अधिकृत

भोला प्रसाद चापागाईं
प्रमुख प्रशासकीय अधिकृत

Web: ramechhapmun.gov.np, Email: ramechhapmun@gmail.com, Phone: 048-400116/117/118, Fax: 048-400012, Toll Free No: 1618048400012

रामेछाप नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

रामेछाप बजार, रामेछाप

वागमती प्रदेश नेपाल

(राजश्व,उद्योग तथा सहकारी शाखा)

पत्र संख्याः-२०८१/०८२

चलानी नम्वरः ४०६

**विषयः-प्रविधि हस्तान्तरण(उद्योगसँग सम्वन्धित मेसिन उपकरण) लागि दरखास्त आव्हान सम्वन्धी सूचना**

(सूचना प्रकाशित मितिः२०८१/०८/०४)

रामेछाप नगरपालिकाको आ.ब.२०८१/०८२ को लागि नगरपालिका स्तरीय शाखागत स्वीकृत बार्षिक कार्यक्रमको बजेटको परिधि भित्र रहि रामेछाप नगरपालिका भित्र दर्ता भएका उद्योगहरुलाई ५० प्रतिशत अनुदानमा अधिकतम रु. एक लाख सम्मको प्रविधि(मेसिन उपकरणहरु) उपलब्ध गराईने भएकोले रामेछाप नगरपालिकाको प्रविधि हस्तान्तरण सम्बन्धी कार्यविधि २०७९ को अनुसूची -१ अनुसारको ढाँचामा देहाय बमोजिमका कागजातहरु संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले ३०(तीस) दिन र सो दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट रितपूर्वक प्रस्ताव(निवेदन) पेश गर्नु हुन सम्बन्धित सबै उद्यमीहरुलाई जानकारीको लागि यो सूचना आव्हान गरिएको छ ।

**तपसिल**

| सूचना नं. | कार्यक्रम | जम्मा बार्षिक बजेट | प्रस्ताव साथ पेश गर्नु पर्ने कागजातहरु |
|---|---|---|---|
| ०१/०८१/०८२ | उपयुक्त प्रविधि हस्तान्तरण | ८ लाख | १.कार्यालयले तोकेको ढाँचाको निवेदन<br>२.उद्योग दर्ता/नवीकरण प्रमाण पत्र<br>३.पान/भ्याट दर्ता प्रमाण पत्र<br>४.गत आ.ब.०८०/०८१ को कर चुक्ता पत्र<br>५. नेपाली नागरिकताको प्रतिलिपि<br>६.तालीम तथा अनुभवको प्रमाण पत्र<br>७.वडा कार्यालयको सिफारिस पत्र |

**प्राथमिकता/शर्तहरु**

१.प्रस्ताव पेश गर्ने निवेदन यस नगरपालिकाबाट उपलब्ध हुनेछ ।

२.प्रविधि माग सम्बन्धी निवेदन प्रविधि(मेसिन औजार र उपकरण) हस्तान्तरण कार्यविधि २०७९ को अनुरुची १ बमोजिमको ढाँचामा पेश गर्नु पर्नेछ ।

३. यस अघिअनुदान/प्रविधि नलिएका उद्यमीहरुले नेपाल सरकार/प्रदेश सरकार वा स्थानीय तहबाट कुनै किसिमको सहयोग वा अनुदान प्राप्त नगरेको भन्ने वडाको सिफारिस वा स्वघोषणा पेश गर्नु पर्नेछ ।

४.निवेदन वापत दस्तुर रु.१००।-(एक सय) राजश्व भौचर पेश गर्नु पर्नेछ ।

५.प्रस्ताव पेश भएपछि अनुगमन समितिबाट अनुगमन गरी प्रतिवेदन पेश भएपछि प्राप्त प्रस्ताव प्रविधि हस्तान्तरण मूल्यांकन समितिद्धारा मूल्यांकन हुनेछ ।

६.एक पटक प्रविधि हस्तान्तरण गरिएका उद्यमीलाई तीन वर्ष ब्यतित नभई पुनःप्रविधि सम्वन्धी अनुदान उपलब्ध गराईने छैन

७.म्याद नाघी वा रित नपुर्याई पेश हुन आएको प्रस्तावहरु स्वीकृत गर्न नगरपालिका बाध्य हुने छैन रअन्य विषयहरु प्रचलित कानून र रामेछाप नगरपालिकाको प्रविधि हस्तान्तरण सम्वन्धी कार्यविधि २०७९ बमोजिम हुनेछ ।

८. अन्य जानकारीको लागि रामेछाप नगरपालिकाको फोन नं.०४८४०००१२ मो.नं.९८४८०९४७७७ सम्पर्क गर्न सक्नु हुनेछ

..........................

(भोला प्रसाद चापागाई)

प्रमुख प्रशासकीय अधिकृत

रामेछाप नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

रामेछाप बजार,रामेछाप

वागमती प्रदेश नेपाल

(राजश्व,उद्योग तथा सहकारी शाखा)

पत्र संख्याः-२०८१/०८२

चलानी नम्वरः ४०५

**विषयः-उद्यमीहरुलाई प्रविधि हस्तान्तरण सम्बन्धी सूचना**

(सूचना प्रकाशित मितिः-२०८१/०८/०४)

प्रस्तुत विषयमा यस नगर कार्यपालिकाको कार्यालय रामेछापको आ.ब.०८१/०८२ को गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अनुसार ८० प्रतिशत अनुदान नगर कार्यपालिकाको कार्यालय रामेछापले ब्यहोर्ने र २० प्रतिशत उद्यमी स्वंयले ब्यहोर्ने गरी उद्योग सञ्चालनका लागि **प्रविधि हस्तान्तरण(मेसिन औजार हस्तान्तरण**) गर्न सकिने भएकोले ईच्छुक उद्यमीहरुले यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र तपसिल बमोजिमको प्रमाण पत्र सहित यस नगर कार्यपालिकाको कार्यालय रामेछापमा निवेदन दिनुहुन सूचना प्रकाशित गरिएको छ । अन्य थप जानकारीको लागि यस कार्यालयको फोन नं.०४८-४०००१२ मोवाईल नं.९८४८०९४७७७ मा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

**तपसिल**

| सूचना नं. | कार्यक्रमको नाम | कूल बजेट रकम | ८० प्रतिशत अनुदान |
|---|---|---|---|
| ०२/०८१/०८२ | सम्भाब्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा बृद्धि गर्नका लागि कम्तिमा ५ जनाको समुहमा प्रविधि हस्तान्तरण | १,४०,०००।- (एक लाख चालिस हजार मात्र) | मेड्पा/मेडेप कार्यक्रमहरुबाट तालिम प्राप्त उद्यमीहरुलाई २ समुहलाई बढीमा ७० हजारको दरले प्रविधि प्रदान गरिनेछ |

**अनिर्वाय पेश गर्नु पर्ने कागजातहरु:-**

१.उद्योग दर्ता/नविकरण प्रमाण पत्रको प्रतिलिपि

२.पान दर्ता र गत आ.ब.सम्म कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि

३.समुहका पदाधिकारीहरुको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि

४.उद्योग ब्यवसाय संचालन गर्न माग गरिएको मेसिन उपकरणहरुको विवरण

५.तालिम तथा अनुभव प्रमाण पत्रको प्रतिलिपि

६.सञ्चालित उद्योगको व्यवसायिक योजना(स्कीम)

(भोला प्रसाद चापागाई)

प्रमुख प्रशासकीय अधिकृत

Web: ramechhapmun.gov.np, Email: ramechhapmun@gmail.com, Phone: 048-400116/117/118, Fax: 048-400012, Toll Free No: 1618048400012

अनुसूची-१

(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

**प्रविधि सहयोगको लागि उद्योगीले पेश गर्नुपर्ने निवेदनको ढाँचा**

मितिः............................

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू
नगर कार्यपालिकाको कार्यालय रामेछाप ।

**विषय : प्रविधि खरीदको लागि अनुदान उपलब्ध गराई पाउँ ।**

महोदय,

मेरो/हाम्रो नाममा ......................................मा दर्ता भएको दर्ता नं. ............को उद्योग प्रवर्द्धन गर्न आवश्यक भएकोले प्रविधि अनुदान अन्तर्गत निम्न बमोजिमका मेसिन/औजार/उपकरण खरीदका लागि अनुदान उपलब्ध गराइ दिनु हुन निवेदन दस्तुर वापत रु. १००।- (एक सय) राजश्व दाखिला गरेको बैंक भौचर/नगदी रसिद सहित यो निवेदन पेश गरेको छ/छौ ।

**निवेदकको विवरण**

१. उद्योगीको नाम, थर, लिङ्ग र ठेगाना :

२. उद्योगको नाम, ठेगाना :

३. उद्योग दर्ता नं. र दर्ता मिति :

४. उद्योगमा लगानी भएको पुंजी

(क) स्थिर पुँजी :

(ख) चालू पुँजी :

जम्मा पुँजी :

५. उद्योगबाट उत्पादन हुने वस्तु तथा सेवाको विवरण (वार्षिक) :

६. उत्पादन निर्यात गर्ने/नगर्ने :

निर्यात गर्ने भए गतवर्ष गरेको निर्यातको विवरण :

७. उद्योगले प्रदान गरेको रोजगारी संख्या :

८. उद्योगमा प्रयोग हुने कच्चापदार्थ :

९. यसअघि कुनै सरकारी अनुदान प्राप्त गरे/नगरेको :

गरेको भए अनुदान दिने निकाय, रकम र मिति :

१०. माग गरेको मेसिन/औजार/उपकरणको नाम र अनुमानित लागत :

११. मेसिन उपकरणहरु १.    २.    ३.    ४.

१२. जम्मा मूल्य रु.

**अनिवार्य रुपमा संलग्न गर्नुपर्ने कागजातहरुः**

१. उद्योग दर्ता/नवीकरण प्रमाणपत्र

२. PAN दर्ता नं, र कर चुक्ता पत्र (गत आ.व. सम्मको)

३. समावेशी समूह भए सोको प्रमाणपत्र

४. अनुभव तथा तालिमका प्रमाणपत्रहरुको प्रतिलिपीहरु ।

निवेदक
नामः
दस्तखतः
सम्पर्क नं.